# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०८।२६ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

जिल्ला नवलपरासी, गेरमी गा.वि.स. वडा नं. ४, स्थित श्री राधाकृष्ण निम्न माध्यमिक विद्यालय (हाल पाल्हीनन्दन गाउँपालिका वडा नं.५) का तत्कालीन शिक्षक सुरेन्द्र कुमार कहारको शैक्षिक योग्यताको प्रमाण-पत्र नक्कली रहेकोले छानबिन गरी आवश्यक कारबाही गरी पाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले माध्यमिक शिक्षा परिषद, उत्तरप्रदेश, भारतबाट प्राप्त गरेको हाईस्कूल तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेस गरी निजी स्रोतको शिक्षक पदमा बहाल रही सरकारी लाभ तथा सुविधा समेत लिएको देखिन आएकोले निज तत्कालीन शिक्षक सुरेन्द्र कुमार कहारको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता